**कान्तिपुर अस्पताल प्रा. लि.**
**KANTIPUR HOSPITAL PVT. LTD.**
सुविधानगर, तीनकुने, काठमाडौं
फोन नं. ४१११६२७, ४१११८५८
फ्याक्सः ४१११९२८
www.kantipurhospital.com.np



## कान्तिपुर अस्पताल

# हाडजोर्नी उपचारमा अब्बल



**डा. विष्णुबाबु थापा**
(अर्थोपेडिक एण्ड स्पाईन सर्जन)




२५ वैशाख कान्तिपुर अस्पतालका लागि विशेष रह्यो । कारण थियो, सय वर्षीया ढलककुमारी केसीको सफल शल्यक्रिया । दाहिने तिघ्राको जोर्नीमा समस्या देखिएकी उनको उपचारलाई अस्पतालले दुर्लभ सफलता मानेको छ ।

वृद्ध अवस्थामा हड्डीहरू जोडिने संभावना ज्यादै कम हुन्छ । त्यसैले उपचारका चुनौती पनि धेरै हुन्छन् । अस्पतालको शैय्यामा बस्दा ढाडमा घाउ हुने र निमोनियाको जोखिम पनि पाकाहरूलाई ज्यादा हुन्छ । तर, केसीलाई त्यस्तो केही भएन । शल्यक्रिया गरिएको अर्को दिन नै वाकरको मद्दतले हिँडडुल गर्न लगाइयो । ढलककुमारीको उपचारमा हेमी रिप्लेसमेन्ट गरिएको थियो ।

भीरबाट लडेका माझिफेदा-६ काभ्रेका कीर्तिबहादुर तामाङ (६६) गत वर्षको २१ असारमा अस्पताल आइपुगे । उनको ढाड भाँच्चिएको थियो । ढाडको चोटका कारण उनको खुट्टा पनि कमजोर भएको थियो । अस्पतालको हाडजोर्नी विभागका डा. अनिल मिश्र, डा. पंकज चन्द र स्वयं पंक्तिकार पनि तत्काल उनको उपचारमा खटियो । शल्यक्रिया सकियो, उनी औधी खुशी देखिए । "शल्यक्रिया गरेर पूर्ववत् अवस्थामा पुऱ्याइदिएकोमा अस्पताललाई धन्यवाद दिन चाहन्छु", तामाङले अस्पताललाई दिएको धन्यवाद पत्रमा यस्तो लेखेका छन् ।

अधिकांशले हाडजोर्नी (अर्थोपेडिक) उपचार भन्नाले हड्डी र जोर्नीका चोटको उपचार मात्र भनेर बुझ्छन् । तर, यो उपचार हड्डीमा मात्र सीमित हुँदैन । नसाका समस्याहरू पनि पर्दछन् । हड्डीमा क्षयरोगको समस्या देखिन्छ । स्पाईन, जोइन्ट रिप्लेसमेन्टका साथै दुर्घटनाका कारण हुने चोट (ट्रमा) को उपचार पनि समेटिएको हुन्छ ।

### उपचार सेवा

कान्तिपुरले विगत एकदशकदेखि हाडजोर्नी उपचार सेवा प्रदान गर्दै आएको छ, जसमा ट्रमाका साथै संक्रमण, नसा च्यापिएकाको पनि उपचार गरिन्छ । हाडजोर्नीका सबै उपचार शल्यक्रियाबाटै गरिन्छ भन्ने पनि भ्रम छ । यो त व्यक्तिको उमेर र समस्याका आधारमा उपचारको प्रकृति भर पर्छ । बालबालिकामा शल्यक्रिया नै गर्नुपर्ने समस्या कम हुन्छन् । नसा च्यापिएको, हड्डी दबेको (Osteoporotic Fracture) लगायतको समस्या औषधि र थेरापी तथा व्यायामले पनि निको हुनसक्छ । दुर्घटनामा परेकाहरूमा भने शल्यक्रियाको सम्भावना बढी हुन्छ ।

कान्तिपुर अस्पतालमा हाडजोर्नी उपचारमा डा. अनिल मिश्र, डा. पंकज चन्द, प्रा. डा. रामकेवल शाहसहित डा. विष्णुबाबु थापा परामर्शदाता शल्यचिकित्सकका रूपमा कार्यरत हुनुहुन्छ । स्पाईन, ट्रमा लगायतमा विशेषज्ञता हासिल गरेका विज्ञ पनि उपलब्ध छन् । उपचारको सफलताले नै अस्पतालमा मासिक करीब दुई सय जति हाडजोर्नीका बिरामी आउँछन् । धेरै बिरामी लडेर र दुर्घटनामा परेर घाइते हुने छन् । उमेर बढ्दै जाँदा देखिने हाडजोर्नी सम्बन्धी समस्या लिएर आउने पनि उल्लेख्य छन् । भीर, रूखबाट लडेर आउनेमा धेरैजसो बिरामी सिन्धुपाल्चोक र छेउछाउका छन् ।

दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोग कान्तिपुर अस्पतालको विशेषता हो । अस्पतालले बिरामीलाई प्रिभिलेज कार्डको सुविधा पनि दिएको छ । नागरिकताको प्रतिलिपि, फोटो र रू१०० तिरेर यो कार्ड बनाउन सकिन्छ । कार्ड बनाएका बिरामीले शल्यक्रिया र बेड चार्ज लगायतमा १५ प्रतिशतसम्मको छूट पाउँछन् ।







तस्बिरहरू: गोपेन राई

### होशियारी

बढ्दो उमेरसँगै विना चोटपटक पनि हाडजोर्नीका विभिन्न समस्या हुनु स्वाभाविक हो । विशेषतः शरीरमा रोगसँग लड्ने क्षमता कमजोर हुँदा, क्याल्सियमका साथै भिटामिनको कमी हुँदा यस्ता समस्या देखिन्छन् । त्यसैले बढ्दो उमेरसँगै क्याल्सियम र भिटामिन पाइने खानेकुरा खानुपर्छ ।

आफूमा यस्तो समस्या महसूस भएमा दक्ष चिकित्सकको सल्लाहमा उपचार गर्नुपर्दछ । शल्यक्रियापछि हुने संक्रमणको जोखिम कम गर्न सरसफाइमा विशेष ध्यान दिनुपर्छ ।

हाडजोर्नीका समस्या हुनेले धूमपान गर्नहुन्न । यसले संक्रमणको संभावना बढाउनुका साथै शल्यक्रिया गरेका घाउ चाँडै निको हुन दिँदैन । हड्डी पनि ढिलो जोडिन्छ ।